# सितारामको विहे

गान्धि राज भट्टराई

”यसपाली पनि बोस्टोन घुम्नु मात्रै भयो ।” मोबिलस्थित सुनसान अपार्टमेन्टमा एक्लै भुत्भुतायो सिताराम ।

धेरै दिन भइसकेको थियो डेरा छोडेर हिंडेको । कोठाभरि सामानहरु यत्रतत्र छरिएकै थिए । पन्ध्र दिन अघि आफैंले लथालिंग छोडेका सामानहरु अहिले आफैंलाई जिस्काइरहेका जस्ता लागे उसलाई । फ्रिज खोलेर हेर्‍यो, फ्रिजका सबै कोठाहरु खाली थिए । तल एक छेउमा बडवाइजर (वियर) को सिक्स प्याक र डेट एक्सपायर भएको दूधको ग्यालेन देखियो । तीन माइल परको वालमार्ट गएर सामान किनी पकाउने जांगर भएन । छेउको म्याक डोनाल्डबाट डबल वर्गर लिएर आयो । अठार घण्टा डाइभिङ्ग गरेर बोस्टोन पुगेर पनि विहेको टुंगो लगाउन नसकेको झोकमा वर्गरको चटनीसंग छ क्यान वियर सिनित्तै पारेर सुत्यो त्यो रात ।

सिताराम मोबिलको एउटा कम्युनिटी कलेजमा पढाउने काम गर्थ्यो । हिसाब भनेपछि पिसाब आउने अमेरिकनहरुको प्रतिस्पर्धामा म्याथमेटिक्समा एमएस्सी गरेको सिताराम युनिभर्सिटीबाट ग्राजुएसन गर्ने बित्तिकै कम्युनिटी कलेजतिर हानिएको थियो । अहिले त उसले त्यो कलेजमा पढाउन थालेको पनि पांच वर्ष भइसकेको थियो ।

भोलिपल्ट सितारामलाई पढाउने त्यति जांगर आएन । अघिल्लो दिनको ह्‍यांगओभर अलिकति बांकी थियो क्यारे । क्लासमा गयो, एउटा सानो परीक्षा लियो विद्यार्थीहरुको अनि एउटा सानो विषयमा व्याख्यान दिएर निस्क्यो ।

बेलुकी घर फर्केर पनि सीतारामलाई बोस्टोन भ्रमणको स्मृतिले छोडेन । मनमनै तथानाम गाली गर्‍यो कुरा चलेका जति सबैलाई । खाना आज पनि बाहिरै खाएर आएको थियो । बब मार्लीको सिडी प्लेयरमा राखेर सुन्दै बडवाइजर तान्न लाग्यो सीताराम आज पनि ।

-o-

सीताराम ३६ वर्ष पुगिसकेको थियो । तीन वर्ष अघिदेखि नै भनेजस्तो केटी भेटे विहे गर्छु भनेर कस्सिएको हो । खै केले गर्दा लगन जुरेको भने थिएन । ख्याल ठट्टा गर्दा साथीहरु एउटा साउनीको छोरी खोज्नु प-यो भन्थे, तर डेरा गरेर बस्दा साउनीको छोरीसंग आंखा जुधाएर लभ पर्ने खालको काठमाण्डौं थिएन अमेरिकाको मोबिल ।

त्यसो भन्दैमा सीतारामले केटी नभेटेको पनि होइन । विहे पछिका अनुभवहरुलाई विहे अघि नै स्वाद लिएर नभोगेको पनि होइन । यसभन्दा पहिले पनि दूईजना गर्लफ्रेण्डहरुसंग बसेको थियो । त्यसैले पनि ३० नपुगी विहे गर्नेतिर हेक्का नै भएन ।

१२ वर्ष पहिले अण्डरग्राजुएट गर्न भनेर आएको थियो सीताराम । बाह्र वर्ष बांधेर राखेको रांगो फुकाए जस्तो नै भएको थियो त्यतिखेर । ‘अमेरिका आएर त आधुनिक हुनुपर्छ । नेपाली जस्तो पाखे भएर बस्ने भए नेपाल नै बसे भइहाल्थ्यो नि’ भन्ने सोचाइ थियो साथीहरु सबैमा । जुनियर वर्षमै एउटी गोरीसंग एउटै डेरामा संगै बस्न पुगेको थियो । त्यतिखेरका उसका दिन मस्तीका, रात रंगीन थिए । तर खै के मिलेन कुन्नि ? छ सात महिना संगै बसेपछि गोरीले छोडिदिई । दिन रात आइ लभ यु भनेर अंगालो हाल्दै सीतारामको यौवनको भरपुर स्वाद लिएपछि एग्रेसिभ कि केके अभियोग लगाएर वर्षे छुट्टीमा सीताराम ओसियन सिटीमा काम गर्न जानु अघिनै डेरा छोडेर अर्कैसंग बस्न गएकी थिई । त्यही अमेरिकन केटीसंग विहेको नाटक गरी ग्रीनकार्ड हात पारेर छोडिदिने उसको योजना पनि त्यसै घटनापछि भताभुंग भएको थियो ।

गर्लफ्रेण्ड त ग्राजुएट स्कुल जांदा पनि बनाएको हो । तर यसपाली ग्रीनकार्डको उद्देश्यले अमेरिकन केटीसंग नभएर अर्मेनियाकी केटीसंग मन पराएरै नजिकिएको थियो । एक मन त अब यसैसंग विहे गरेर बस्छु भनेर पनि सोचेको थियो ।

“……… कुन जात हो कस्तो हो थाहै नभइ विहे गर्लास् । घर आइज, यतैबाट विहे गरेर जालास् । हैन आउंदैनस् भने बरु अरु जे भए पनि जात भात मिल्ने नेपालीसंगै विहे गरेस् । बा आमा छन् भन्ने ठान्छस् भने त्यतैका गोरी र कालीहरुसंग चाहिं विहे नगरेस् ।”

नेपालमा जति पटक फोनमा कुरा गर्दा बाबा र आमाका मुखबाट निस्कने यिनै शब्दहरु काट्न पनि सकेन । दुई पटकसम्म विहेको लागि केटीले निकै जोड गरी तर सीतारामले आंट्न सकेन । अनि यो आर्मेनियामा ससुराली बनाउने कुरा पनि त्यत्तिकै टुंगियो ।

-o-

जीवन यथा स्थितिमा गुज्रिरह्यो । त्यसै विचमा चारपांच ठाउंमा नेपाली केटीहरुको कुरा पनि चल्यो । केन्टकीकी ग्राजुएट पढ्दै गरेकी केटी उसलाई पनि मन परेको हो । अमेरिकामै बसोबास गरेका काकाहरुसंग एकवर्ष पहिलेदेखि बसेकी । तर काकाहरुले नै सीतारामलाई भतिजी दिन मानेनन् । काकाको एउटा साथी सीताराम पढेको कलेजमा प्राध्यापक रहेछन् । सीतारामको केटीसंग बसेको रे भनेर विचमा प्रसंग निस्के पछि त्यताको पनि कुरा टुंगियो ।

अलि आधुनिक केटीको कुरा पनि चल्यो ओक्लाहोमातिर । अलावामाको मोविलदेखि हानिएर ओक्लाहामाको स्टीलवाटर पनि पुग्यो सीताराम । केटीको स्वभाव त ठीकै रहेछ तर उमेर भने झण्डै बत्तीस जति पुगेको । मान्छेको स्वभाव, बुढी केटी भनेर सीतारामले नै नाक खुम्च्यायो । अस्वीकृतिका यीनै खेलहरुमा केही समय केटासाथीसंग बसी सकेकी केटी भनेर समेत कुरा निस्केर अड्कायो । ऐनामा सीतारामले आफ्नो अनुहार नियाल्ने प्रयास पनि गरेन, उसको विहेको लगन पनि जुरेन ।

यिनै दशतिरका कुराहरु भएपछि सीताराम अघिल्लो साता साथीहरुको निम्तो मान्न वासिंगटन गएको थियो । क्रिस्मस पनि मनाउने, दुई चार जना केटीहरुसंग पनि चिनजान गर्ने मनसाय थियो । ठूलो जमघट भयो, धेरै मान्छेसंग चिनजान भयो । धेरैले धेरैसंग परिचय गरे, थोरैले थोरैसंग भलाकुसारी गरे । आखिर सितारामको उमेर र पुराना गर्लफ्रेण्डहरुसंग बसेका कुराहरुले अत्तो थापे ।

“के सोच्छन् हो यी नेपाली केटीहरु आफुलाई ? अमेरिका बसेर पनि उही नेपाली पाखे मेन्टालिटी ।” अघिल्तिर आमा चकारी शब्दहरु थपेर मनको भडास निकाल्यो साथीसंग । अलि पहिले केटासाथीसंग छुट्टिएर बसेकी केटीलाई त्यसै कारणले आफैंले अस्वीकृत गरेको विर्सदैं सीताराम भुन्भुनिंदै मोबिल उछिट्टियो ।

-o-

दुई महिना देखि सीतारामममा एउटा नैराश्यता पलाउन लागेको थियो । विहेका केही प्रस्तावहरु आए, गए तर विहेको लगन जुरेन । यस्तैमा एकदिन सीताराम डफिन आइल्याण्डको समुद्री किनारामा बालुवामाथि पल्टेर घामतिर आंखा चिम्लेर सोच्न थाल्यो । सीतारामको मन पुनः युनिभर्सिटी जीवनमा विचरण गर्न लाग्यो । आहा, क्या मजाका थिए ति दिनहरु । विस्तारै रोजमरी, अलिसा, केनरिड, केट, बेट्टी सबैका अनुहारहरु उसका आंखा अघिल्तिर नाच्न थाले । अण्डरग्राजुएट सकेपछि सबै घामका पुतली जस्तै हराएका थिए । कता गए होलान् ती सबै केटीहरु ?

भोलिपल्ट नियत समयमा सीताराम कलेज गयो । सोहीदिन केही उमेदवारहरुको अन्तर्वाता थियो कलेज इन्स्टक्टरको लागि । पुरानो स्टाफको नाताले सीताराम पनि थियो अन्तर्वाता लिने टोलीमा । अनायास उमेदवारको सूचीमा रोजमरीको नाम देखेर झसंग भयो । मन मनै प्रश्न गर्‍यो, के यो उही कलेजकी रोजमरी होली त ?

अन्तर्वातामा भेट भयो, उही रोजमरी रहिछ । रोजमरी सीतारामकै कलेजमा पढ्ने अफ्रिकन अमेरिकन थिई । विषय र परिवेश मिल्दो हुनाले अन्तर्वातामा रोजमरीको छनौट भयो ॥

अन्तवार्ता सकिएपछि एकछिन बसेर कुराकानी गर्‍यो सितारामले । रोजमरीको एउटा सानो छोरी पनि रहिछ । पढाइ सकेर आफ्नो पुरानो केटा साथीसंग विहे गरेर क्यालिफोर्निया गएर संगै काम गरेछन् तीन वर्ष । त्यसको अर्को वर्ष लोग्नेले रोजमरीलाई छोडेर अर्कै एउटी केटीसंग बस्न थालेछ । आखिर उसंग बस्न औचित्य नै नरहेपछि पारपाचुके

गरेर एक्लै बस्दै आएकी रहिछ । विभिन्न ठाउंमा काम गर्ने क्रममा यतिखेर उ पनि कालाहरुको बाक्लो बस्ती खोज्दै अलावामा आएकी रहिछ । छोरी चाहिं हजुरआमासंग लुइसियानामा बसेर पढ्दै थिई ।

रोजमरीसंग उसको परिचय त्यस्तो गहिरो थिएन कलेज पढ्दाखेरी । तर किन हो अचेल रोजमरीसंग भेट हुंदा उसलाई रमाइलो लाग्न थालेको थियो । कहिले काहीं संगै क्लब जान लागेका थिए । आज धेरै दिन पछि क्लबमा नाच्यो सीताराम । रोजमरीले मस्की मस्की साथ दिई । क्लबबाट फर्केर पनि सीतारामकै घरमा निकैबेर गफ गरी बसीरहे, एयरकण्डीसनको ठण्डा हावासंगै चिसो वियर पिउंदै गए । कतिखेर कुन स्थितिमा दुवै संगै निदाए दुवैलाई होस रहेन ।

भोलिपल्ट दिउसो दुवै जनाले कलेजमा छुट्टि लिए दुई घण्टाको लागि । दिउसो बाह्र बजे घडीको सुईंसंगै सीताराम र रोजमरी कसिलो अंगालोमा बांधिए । त्यतिखेर श्रीमान् सीताराम र श्रीमती रोजमरीको हातमा मोबिल कोर्टहाउसको म्यारिज सर्टीफिकेट हल्लिइरहेको थियो ।

*अवर्न विश्वविद्यालय, अलावामा*
*जनवरी ११, २००३*

*प्रथम प्रकाशित*
**परदेश डट कम, फेब्रुअरी २००३**
http://www.paradesh.com